# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# सामान्य सेवा विभाग
# खरीद इकाइ (सवारी), बालुवाटार

**सवारी साधन खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः२०६५/८/२६

सूचना नं.: सा.से.वि.(सवारी ) २

यस बैंकको लागि आवश्यक १००० सिसि देखि ११०० सिसिसम्मका आठ थान कार (सवारी साधन) शिलबन्दी बोलपत्रको माध्यमबाट खरीद गर्नु पर्ने भएकोहुंदा उक्त सवारी साधन आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. वोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनको (सो दिन विदा परे त्यसको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन) १:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग खरीद इकाइ ( सवारी ), बालुवाटार र बैंकिङ्ग कार्यालय थापाथलीबाट पछि फिर्ता नहुने गरी रु.२०,०००।– ( बीस हजार मात्र) तिरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउंदा निवेदनका साथ अद्यावधिक भएको फर्म दर्ता प्रमाण, ईजाजत पत्र, आधिकारिक विक्रेताको प्रमाण र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि पेश गर्न अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ( सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ) दिनको १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग खरीद इकाइ ( सवारी ), बालुवाटारमा बोलपत्र दाखिला भै सक्नुपर्नेछ र सोही स्थान र दिन दिनको ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) सिलवन्दी बोलपत्र खोलिनेछ ।

४. वोलपत्रका साथमा वोलपत्र जमानत (विडबण्ड) वापत आफूले कवुल गरेको मूल्य अभिवृद्धि कर समेतको कवोल रकमको कम्तिमा पांच प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी न्यूनतम नब्बे दिनको मान्य अवधि भएको विडवण्ड संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले साठी दिनको हुनेछ ।

५. बोलपत्रदाता कुनै सरकारी, बैंकिङ्ग वा गैर सरकारी संस्थाको कालो सूचीमा नपरेको हुनु पर्ने छ ।

६. प्रथम पटक सूचना प्रकाशित भएको मितिले २० औं दिन मध्यान्ह १२.०० बजे (सो दिन बिदा परेमा त्यसको भोलि पल्ट) बैंकको सामान्य सेवा विभाग, खरिद इकाई (सवारी) मा प्री बिड मिटिङ्ग हुने भएकोले उक्त मिटिङ्गमा बोलपत्रदाताहरु सहभागी हुनु पर्नेछ ।

७. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. आठ थान कार (सवारी साधन) को अनुमानित लागत मू.अ.कर समेत रु.१,२८,००,०००।००(अक्षरेपी एककरोड अठ्ठाइसलाख मात्र) रहेको छ ।

९. बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१०. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, खरिद इकाई(सवारी) बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।